# ३३. कर्म ठूलो कि आत्मा ?

गौतम स्वामीले भगवान् महावीरसँग सोध्नुभयो- भगवान् ! संसारमा दुईवटा तत्व छन्- जड र चेतन, आत्मा र कर्म । यी दुईमा कुन बलवान छन् ? कर्म बलियो छ कि आत्मा ?

भगवान् महावीरले अनेकान्त शैलीमा उत्तर दिँदै भन्नुभयो- हे गौतम ! यो संसारमा आत्मा पनि बलवान छ र कर्म पनि । शक्तिशाली आत्मा जबसम्म कर्महरूको साथ जकडिरहन्छ, तबसम्म कर्म बलवान हुन्छ । कर्महरूको कारण आत्मा भड्किरहन्छ । नरक र निगोदको दुःख दिने यो कर्म नै हो ।

जस्तो खोरमा थुनिएको सिंह आफ्नो ताकत वा शक्तिको परिचय दिन सक्दैन, त्यस्तै जब कर्मरूपी पिँजडामा बन्द हुन्छ, तब आफ्नो मूल व्यक्तिको परिचय दिन सक्दैन । जब कर्मबाट मुक्त हुन थाल्छ, त्यसबेला ऊ उधोगतितर्फ अग्रसर भएर मोक्ष सुखलाई धारण गर्दछ ।

व्यक्ति जब आफ्नो आत्माको अनन्त व्यक्तिलाई चिन्दछ, तब कर्मबन्धन तोड्न ४८ मिनेटभन्दा बढी समय लाग्दैन । जब हृदयमा ज्ञान जागृत हुन्छ । आत्मा अनुभूति हुन्छ, तब संसारको समस्त भोग बासनाहरू निसार लाग्छ । जब यो संसारमा वास्तविकता, नश्वरतालाई सम्झन्छौं, तब यसलाई छोड्दा कुनै दुःख हुँदैन ।

भोगको पराकाष्ठामा निमग्न रहने धन्ना शालिभद्र ! क्षणमात्रमा जब आत्मा जागृत भयो, तब संसारी सुख-सुविधा छोड्नमा एक क्षण पनि लाग्दैन । समस्त भोग विलास ऐश्वर्य त्यागेर संयमको कठोर मार्ग अपनाएर मोक्ष सुखलाई धारण गऱ्यो । भगवान् महावीरले भन्नुभयो- तिमी संसारबाट नभाग ! जाग ! जब तिम्रो आत्मा जागृत हुन्छ, तब संसार आफसे आफ छुट्न पुग्छ ।

# ३४. दुई मार्ग

संसारमा दुई मार्ग छन् । एक अणगार मार्ग र दोस्रो सागार मार्ग । जो पूर्णरूपमा त्यागी हुन्छन्, जसको ब्रत, आराधनामा कुनै प्रकारको छुट हुँदैन, जसले गृहत्याग गरेको हुन्छ, उसलाई अणगार भनिन्छ । अर्को जसमा त्यागको मर्यादा हुन्छ, जो घरमा रहेर धर्मधारण गर्दछ, आफ्नो इच्छाअनुसार ब्रत ग्रहण गर्दछ, उसलाई सागार भनिन्छ । अर्को शब्दमा अणगारलाई साधु र सागारलाई श्रावण भनिन्छ ।

साधुहरूको मार्ग कठिन हुन्छ भने गृहस्थहरूको मार्ग सरल हुन्छ । जुन बाटो सजिलो हुन्छ, त्यो लामो हुन्छ । जुन बाटो कठिन हुन्छ, त्यो अपेक्षाकृत छोटो हुन्छ ।

सामान्य जीवनमा दुई मार्ग हुन्छन्- एक राम्रो भलाइको र दोस्रो नराम्रो जसलाई फोहोरी बाटो भन्ने गरिन्छ ।

हाम्रो सामुन्ने रहेको कुनै व्यक्तिले कुनै कमजोरीलाई देखाउँछ वा संकेत गर्दछ भने समझदार व्यक्ति यो सोच्छ- 'आफूमा केही खराबी वा कमजोरी छ । मैले यसलाई खोज्नुपर्छ । खराब व्यक्ति आफूलाई कहिल्यै पनि खराब सम्झन्न । मूर्ख व्यक्तिलाई मूर्ख भनियो भने आफूलाई मूर्ख मान्न ऊ तयार हुँदैन । उनीहरू अरूको खराबीलाई नै गन्न पुग्छन् ।

व्यक्ति सारा संसारलाई देख्दछ तर आफूलाई देख्दैन । उनीहरू सबैको परिचय दिन सक्दछन्, आफ्नो परिचय दिनमा अप्ठ्यारो महसुस गर्दछन् । प्रायः व्यक्तिलाई थाहा हुँदैन कि म को हुँ ? कहाँबाट आएको हुँ ? कहाँ जाने हो ? उनीहरू यस्तो चिन्तन गर्दैनन् । वास्तवमा हामी आफूभित्र हेर्न डराउँछौं । किनभने हामी यो जान्दछौं कि हामीभित्र कति रिस, कति छल र कति लोभ भरिएको छ । यो डरको कारण धेरैले आफूभित्र हेर्ने प्रयास नै गर्दैनन् । आफ्नो बाटो थाहा नभए पनि अरूलाई बाटो देखाउने प्रयास गर्छौं । जुन दिन आफूभित्र हेर्न सुरू गर्छौं, आफ्नो खराबीतर्फ दृष्टि दिन्छौं, तब स्वतः ती नराम्रा पक्षहरू हराउँदै जानेछन् र हामी राम्रो मार्गमा चल्न सुरू गर्नेछौं ।

# ३५. धर्म : परम आधार

धम्मं शरणं प्रवज्जामि:- संसारमा व्यक्ति अनेकौं प्रकारको आश र सहारा चाहन्छ तर ज्ञानको अभावमा साँचो सहारा पाउन सक्दैन । सहारा स्थायी होस्, यस्तो भाव सबैमा रहन्छ । जब व्यक्तिले आफ्नो मित्र बनाउँछ, यो सोचेर कि जीवनमा साथ होस् तर समय आउनासाथ मित्रले पनि धोका दिन्छ, त्यसबेला व्यक्ति व्याकुल बन्न पुग्दछ तर जुन व्यक्तिले धर्मको सहारा लिन्छ, धर्मको शरणमा जान्छ, त्यो व्यक्तिलाई अरू कसैको सहाराको आवश्यकता पर्दैन ।

व्यक्तिको जीवनमा प्राय: तीन सहारा आवश्यकताको रूपमा रहेको हुन्छ । १. धन, २. नाता कुटुम्ब, ३. धर्म ।

## संकल्प यही गरौं लौ

संकल्प यही गरौं लौ, मानिस हामी बनौंला ।
मानिस बनेपछि पो, भगवान्‌लाई चिनौंला ।

१. के जैन, बौद्ध, मुस्लिम, हिन्दू र सिख, इसाई
सबै नै हौं भाइ-भाइ, मिलेर हामी बसौंला ।

२. एउटै गगनका हामी, चम्किला जुन-तारा
माया र प्रेमको ज्योति, हाँसी-हाँसी छरौंला ।

३. फूलबारी हो जगत यो, हामी फूल प्यारा-प्यारा
हाँसेर झुल्दै-फुल्दै संसार मगमगाउँला ।

४. मन्दिर त एउटै हो, दीपक थरि-थरिका
बाली पवित्र ज्योति, यो विश्व जगमगाउँला ।

५. गीता, कुरान, आगम, गुरुग्रन्थ, त्रिपिटक सब
हुन् गाथा मानवताका, बडो प्रेमले पढौंला ।

## ३६.ज्योति स्वरूप : गुरु

सम्यक ज्ञान दिने गुरु हुन् भने सत्यको खोजमा लाग्ने शिष्य । गुरु स्वार्थभन्दा माथिको सत्ता हो । सद्गुरुमा व्यक्तिको कल्याण भाव लुकेको हुन्छ । सच्चा गुरु त्यही हो, जो शिष्यलाई परमात्माको हातमा जोड्ने प्रयास गर्दछ । ज्ञानको ज्योति जलाएर उसको मनको अन्धकारलाई हटाउँछ । 'गुरु' शब्दको अर्थ यही हो । 'गु' को अर्थ हो- अन्धकार तथा 'रू' को अर्थ हो, हटाउने । गुरु अर्थात् अज्ञानरूपी अन्धकार हटाउने । सूर्यको प्रकाशले बाहिरको अन्धकार हटाउँछ भने गुरुले शिष्यको मनको अन्धकार ।

जो आफ्नो निजी स्वार्थको लागि, आफ्नो सम्प्रदायको नाम बढाउनको लागि मात्र भक्तहरूको संख्या बढाउने काम गर्छ भने त्यो सच्चा गुरु होइन । यस्ता गुरुहरू आफ्नो स्वार्थमात्र पूरा गर्दछन् । आज प्रत्येक स्थानहरूमा सम्प्रदाय छ र यसप्रकारको गुरुहरूको संख्या पनि बढ्दो छ ।

गुरु प्रकाश रूप हुन् । जुन-जुन व्यक्ति गुरुरूपी प्रकाशको ज्योति देख्न सक्दैनन्, तिनीहरू अज्ञानको आधारमा भट्किरहन्छन् । जो गुरुरूपी ज्योतिलाई श्रद्धापूर्वक ग्रहण गर्दछ, त्यो अन्धकारलाई हटाउन समर्थ हुन्छ । यसकारण सच्चा गुरुको सान्निध्य जसलाई मिलेको छ, त्यसको कल्याण अवश्यंभावी छ । मेघकुमारको सत्यगुरु महान्गुरु महावीरको सान्निध्य मिल्दा उनको मार्गदर्शकले उनी ज्योतिर्मय बन्न पुगे । महावीरको मार्ग जागरणको मार्ग हो । उहाँ भन्नुहुन्छ- 'जाग र यो जान्ने प्रयास गर- तिमी को हौ ? कहाँबाट आयौ ? किन आयौ र कहाँ जान्छौ ?

सद्गुरुबिना मानिसले वास्तविक बाटो पाउन सक्दैन । गुरुको शरणमा गएर नै आत्मालाई शाश्वत शान्ति र अक्षय सुखको अनुभूति हुन्छ ।

# ३७. साधना के हो ?

साँचो अर्थमा सन्यासी त्यही हो, जसले आफ्नो भावलाई परिवर्तन गरेको छ। दीक्षाको अर्थ भेष परिवर्तन होइन। भावनाहरूको परिवर्तन नै दीक्षा हो। शिर मोडेर मात्र कोही सन्यासी हुँदैन। जबसम्म मनको मुन्डन हुँदैन, तबसम्म व्यक्तिलाई सन्यासी मान्न सकिन्न। संसारबाट मनलाई विमुख गराउने व्यक्तिलाई सन्यासी भन्नु उचित हुन्छ। जब व्यक्ति संसारप्रति आकर्षित हुँदैन, तबमात्र दीक्षित हुन योग्य हुन्छ।

जसरी कमलको फूल पानीमा रहेर पनि पानीभन्दा माथि हुन्छ, त्यस्तै प्रकारले संसाररूपी सरोवरमा रहेर पनि निर्लिप्त भई मोक्षरूपी गन्तव्यमा पुग्छ।

जसको सन्यासी जीवनमा नै वैराग्यमय आनन्द छाएको छ, उसलाई कसैले संयमबाट हल्लाउन सक्दैन। जो यस मार्गमा आनन्द प्राप्त गर्न सक्दैन, उसको जीवन नर्कभन्दा पनि बढी दुर्गन्धित हुन पुग्छ। वस्तुतः जीवनलाई बदल्नु साधना हो, सन्यास हो।